जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

Login

बडादसैंका विविध स्वरुप

✍ सीता कुमारी न्यौपाने

३

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।

दमक-६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३-५७५४०९

हाम्रो भेट कात्तिक ८ गते हुनेछ

बडादशैं २०८३ को शुभ अवसरमा हाम्रा सम्पूर्ण पाठक, विज्ञापनदाता, शुभेच्छुकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
साथै बडा दशैंको अवसरमा हाम्रो सञ्चारगृह ६ गतेसम्म बन्द रहने हुँदा हाम्रो भेट कात्तिक ८ गते हुने जानकारी गराउँदछौं ।

पूर्वसन्देश दैनिक परिवार
दमक-झापा

❑ वर्ष-२१ ❑ अंक - २६७ ❑ २०८३ कात्तिक १ गते आइतबार ❑ Saturday, 18 Oct. 2026 ❑ मूल्य ७ /-

दमक जेसीजद्वारा आयोजित 'सप्तमी साँझ'

सदा झैं यस वर्ष पनि दमक जेसीजले सप्तमी साँझ तथा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ । दमक जेसीजका अध्यक्ष राजेन्द्र बिमलीको अध्यक्षतामा आयोजित कार्यक्रममा नगरप्रमुख रामकुमार थापाको प्रमुख आतिथ्य तथा उपप्रमुख रेगिना भट्टराईको विशिष्ट आतिथ्य रहेको थियो। दमक स्थित विभिन्न संघसंस्थाका प्रमुख तथा सामाजिक व्यक्तित्वहरुको उपस्थितिमा भएको कार्यक्रमले भाईचारा तथा आत्मियताको सन्देश दिनुका साथै रमाइलोसाथ कार्यक्रमलाई सम्पन्न गरिएको थियो ।

झापामा ड्रोनबाट सुरक्षा निगरानी

दमक/ झापा जिल्ला सुरक्षा समितिले चाडपर्व लक्षित एकीकृत सुरक्षा योजना सार्वजनिक गर्दै सुरक्षा संवेदनशीलता हेरी मेला, महोत्सव तथा धार्मिक र सांस्कृतिक स्थलमा ड्रोनबाट निगरानी गर्ने जनाएको छ ।

चाडपर्वका बेला हुने भीडभाडको निगरानी गर्न झापामा ड्रोनसमेत प्रयोग गरिने भएको हो ।

सुरक्षा योजनाअनुसार जिल्लाभर नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका गरी दुई हजार १२७ सुरक्षाकर्मी परिचालन गरिनेछ । नेपाल प्रहरीतर्फ एक हजार १९२ र सशस्त्र प्रहरीतर्फ ९३५ सुरक्षाकर्मी खटाइने प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले जानकारी दिए ।

जिल्लाका ६२ संवेदनशील स्थानमा 'पिकेट' स्थापना गरिनेछ । त्यस्तै, ३५ टोलीबाट मोबाइल गस्ती र ३१ टोलीबाट पैदल गस्ती गरिनेछ भने सम्भावित घटनामा तत्काल परिचालन हुन सातवटा क्विक रेस्पोन्स टिम (क्यूआरटी) तयारी अवस्थामा राखिनेछ । चोरी, लुटपाट, पकेटमारी, जुवातास तथा सट्टेबाजी, मादक पदार्थ सेवनबाट हुने झैंझगडा र सवारी दुर्घटनालाई मुख्य सुरक्षा चुनौतीका रूपमा पहिचान गरिएको छ । यस्ता गतिविधि नियन्त्रण गर्न नियमित तथा आकस्मिक चेकिङ, संयुक्त जाँच र रात्रिकालीन गस्तीलाई तीव्रता दिइनेछ ।

राष्ट्रपतिको शुभकामना

दमक/ राष्ट्रपति रामचन्द्र पौडेलले बडादसैं २०८३ का अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिको कामना गरेका छन् ।

बडादसैंका अवसरमा आज शुभकामना सन्देश जारी गर्दै राष्ट्रपतिले बहुजातीय, बहुधार्मिक र बहुसाँस्कृतिक मुलुक नेपालका प्रत्येक जातजातिका आ–आफ्नै परम्परा रहेता पनि यसपर्वले पारिवारिक मिलन, सामाजिक मेलमिलाप, क्षमा, सद्भाव र भाइचारालाई मजबुद बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

बडा दसैंले भौगोलिक, साँस्कृतिक र भाषिक विविधताबीचको सामाजिक एकतालाई थप सुदृढ गर्नुका साथै साँस्कृतिक एकता र पहिचानलाई अक्षुण्ण राख्न मद्धत पुऱ्याएको उनको भनाइ छ । राष्ट्रपतिले बाढी प्रभावित व्यक्तिको पुन:स्थापनाका लागि एकताबद्ध भई अघि बढ्न सबै पक्षलाई अपिल गरेका छन् ।

कोशीमा ६९ वटा बहुवर्षीय योजना थप

दमक/ कोशी प्रदेश सरकारले सडक तथा पुल पूर्वाधार विस्तार र क्षेत्रगत विकास सन्तुलनलाई प्राथमिकता दिँदै ६९ वटा बहुवर्षीय योजना थप गर्दै चार अर्ब ९५ करोड ८० लाख १६ हजार रूपियाँको स्रोत सहमति दिएको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले चालु आर्थिक बाँकी ४ पेजमा ▸▸

दशैंको उल्लास

दमक/ समय परिवर्तनसँगै दसैं मनाउने शैलीमा केही परिवर्तन आए पनि जमरा र टीकाप्रतिको आस्था नेपाली समाजमा अझै कायमै छ । देशभित्र तथा विदेशमा रहेका नेपालीले पनि आफ्नो क्षमता र परिस्थितिअनुसार दसैं मनाउँदै आएका छन् ।

प्रविधिको विकाससँगै टाढा रहेका आफन्तसँग भिडियो संवादमार्फत शुभकामना आदानप्रदान गर्ने क्रम बढे पनि प्रत्यक्ष भेटघाट गरी टीका र जमरा थाप्ने परम्पराको भावनात्मक महत्त्व विशेष रहँदै आएको छ ।

असत्यमाथि सत्य र अन्यायमाथि न्यायको विजयको प्रतीकका रूपमा मनाइने दसैंमा जमरा र रातो टीका लगाएर मान्यजनबाट आशीर्वाद लिने परम्परा नेपाली समाजमा प्राचीनकालदेखि चलिआएको छ ।

दसैंको अर्को महत्वपूर्ण पक्ष टीका हो । विजयादशमीका दिन देवी दुर्गाको पूजा गरेपछि घरका ज्येष्ठ सदस्यले परिवारका सदस्य तथा आफन्तलाई निधारमा रातो टीका लगाइदिने चलन छ । टीकासँगै जमरा र आशीर्वाद प्रदान गरिन्छ । कतिपय परिवारमा अक्षता, फूल र दक्षिणासमेत दिने परम्परा रहेको छ । यसरी टीका लगाउने चलनले परिवारका सदस्यबिच प्रेम, सम्मान, सद्भाव र आत्मीयता बढाउन सहयोग पुऱ्याउँछ ।

धार्मिक विश्वासअनुसार टीका र जमरा देवी दुर्गाको प्रसाद हुन् । दसैंको टीकामा प्रयोग गरिने रातो रङलाई शक्ति, साहस र विजयको प्रतीकका रूपमा लिइन्छ । रातो टीका लगाएर मान्यजनबाट आशीर्वाद लिनु दीर्घायु, आरोग्य, सुख, शान्ति र सफलताको कामनासँग जोडिएको छ ।

नेपालमा दसैंको टीका लगाउने विधि र समय समुदाय, क्षेत्र तथा पारिवारिक परम्पराअनुसार केही फरक हुन सक्छ । कतिपय परिवारमा विजयादशमीका दिन साइतअनुसार टीका लगाउने गरिन्छ भने कतिपयले कोजाग्रत पूर्णिमासम्म मान्यजन कहाँ गएर टीका र जमरा थाप्ने परम्परा कायम राखेका छन् ।

विशेषगरी अध्ययन, रोजगारी वा अन्य कारणले घरबाट टाढा रहेका परिवारका बाँकी ४ पेजमा ▸▸

टिका जमराको साइत

दमक/ नेपाल पञ्चाङ्ग निर्णायक समितिले यस वर्षको बडादशैंका टिका जमरा लगाउने शुभसाइत कार्तिक ४ गते बुधबार विजया दशमी तथा देवी विसर्जन हुने जनाएको छ । समितिका अनुसार यस दिन टीकाको शुभसाइत बिहान १०:२६ बजे रहेको छ । टीका लगाइमाग्दा पश्चिम फर्किनुपर्ने जनाइएको छ ।

दशैंको महत्वपूर्ण दिनका रूपमा रहेको कार्तिक १ गते आइतबार महाष्टमी तथा कालरात्रि परेको छ । त्यसको दुई दिनपछि कार्तिक ३ गते मंगलबार महानवमी मनाइनेछ ।

दशैंका मुख्य विधि सम्पन्न भएपछि कार्तिक ८ गते आइतबार अखिलबलिपूर्ति तथा कोजाग्रत पूजा गरिनेछ । समितिले बडादशैंअन्तर्गतका सबै धार्मिक तथा सांस्कृतिक विधि तोकिएका शुभसाइतअनुसार सम्पन्न गर्न जनाएको छ ।

दशैंको हार्दिक शुभकामना

विजयादशमी २०८३ को पावन अवसरमा सम्पूर्ण सेवाग्राही, स्वास्थ्यकर्मी, कर्मचारी, शुभेच्छुक तथा नेपाली दाजुभाइ दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

उमाकान्त आचार्य (अध्यक्ष) | रोशन विष्ट (सचिव)

निम्स नेशनल हस्पिटल प्रा.लि. परिवार
दमक-९, झापा

दशैंको हार्दिक शुभकामना

विजयादशमी, शुभदीपावली तथा छठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य, कर्मचारी, सहकारीकर्मी तथा नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

घनेन्द्र भट्टराई (व्यवस्थापक) | पदम घिमिरे (सचिव) | भवकृष्ण खतिवडा (उपाध्यक्ष) | नेत्र बुढाथोकी (अध्यक्ष)

दमक सहकारी संस्था लि. परिवार, दमक-६, झापा

शुभकामना

विजयादशमी, शुभदीपावली तथा छठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण शिक्षक, विद्यार्थी, अभिभावक, कर्मचारी तथा शिक्षाप्रेमी महानुभावहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना

पाणिनी मावि दमक-९, परिवार
दमक, झापा

शुभकामना

विजयादशमी, शुभदीपावली तथा छठ पर्व २०८३ को पावन अवसरमा समस्त नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

डा. केपी सुवेदी (केन्दीय उपाध्यक्ष)

नेपाल मानव अधिकार संगठन
दमक, झापा

शुभकामना

विजयादशमी, शुभदीपावली तथा छठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य, कर्मचारी, सहकारीकर्मी तथा नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बुद्धिसागर बराल (अध्यक्ष) | राजकुमार बराल (ब्यवस्थापक)

स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. परिवार
दमक-६, झापा

बडा दशैंको शुभकामना HAPPY DASHAIN

विजयादशमी, शुभदीपावली (बलिहाङ तङ्नाम) तथा छठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य, कर्मचारी, सहकारीकर्मी तथा नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

प्रकाशचन्द्र राई (व्यवस्थापक) | दिपेनवाला राई (सचिव) | पारषमणी राई (कोषाध्यक्ष) | लक्ष्दास राई (एलडी) (अध्यक्ष)

राष्ट्रिय बहुमुखी सहकारी संस्था लि, परिवार
दमक-८, झापा,
सेवा केन्द्र : चुलाचुली गाउँपालिका-३, इलाम

बडा दशैंको शुभकामना HAPPY DASHAIN

विजयादशमी, शुभदीपावली तथा छठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण शिक्षक, विद्यार्थी, अभिभावक, कर्मचारी तथा शिक्षाप्रेमी महानुभावहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

इन्दिरा बस्नेत (अध्यक्ष) | गुणराज अधिकारी (प्रिन्सिपल)

एवम्

ग्लोबल एजुकेशनल एकेडेमी, परिवार,
दमक-६ (झापा)

सम्पादकीय

दशैंले आपसी सद्भाव कायम राखोस्

नेपालीहरुको महान् चाड बडा दशैं हाम्रो घरआँगनमा भित्रिसकेको छ । वर्षभरिका थकाइ, व्यस्तता र जिम्मेवारीहरुलाई केही क्षणका लागि थाती राखेर आफन्तजनहरुसँग भेटघाट गर्ने, मान्यजनबाट आशीर्वाद लिने र खुसी साटासाट गर्ने यो पावन अवसरमा हामी आम पाठक, लेखक, विज्ञापनदाता, शुभचिन्तक, कर्मचारी तथा समस्त देशवासी दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

दशैं केवल एउटा चाड मात्र होइन, यो नेपाली समाजको जीवन्त संस्कृति, परम्परा र सामाजिक एकताको अनुपम दस्तावेज हो । असत्यमाथि सत्यको र अन्यायमाथि न्यायको विजय भएको खुसियालीमा मनाइने यो पर्वले हामीभित्रका नकारात्मक सोच, अहंकार र कुसंस्कारलाई परास्त गरी सकारात्मक ऊर्जा सञ्चार गर्न प्रेरणा दिन्छ । टाढाटाढा कर्मथलो वा अध्ययनका लागि पुगेका घरपरिवारका सदस्यहरु एकै ठाउँमा जम्मा भएर टीका र जमरा ग्रहण गर्ने, पिङ खेल्ने र मिष्ठान्न भोजन गर्ने परम्पराले हाम्रा पारिवारिक सम्बन्धहरुलाई अझ प्रगाढ र सुदृढ बनाउँछ ।

यस विशेष अवसरमा, हामी हाम्रो दैनिक पत्रिका पूर्वसन्देश परिवारको तर्फबाट सबैभन्दा पहिले हाम्रा आम पाठक वर्गप्रति कृतज्ञता व्यक्त गर्न चाहन्छौं । तपाईहरुको निरन्तरको साथ, विश्वास, माया र रचनात्मक प्रतिक्रियाले नै हामीलाई निष्पक्ष, सत्य र जिम्मेवार पत्रकारिताको बाटोमा अडिग रहन निरन्तर बल प्रदान गरेको छ । पाठकहरुको यही विश्वास हाम्रो सबैभन्दा ठूलो सम्पत्ति हो । त्यसैगरी, आफ्ना बौद्धिक सिर्जना, विचार र विश्लेषणात्मक लेखमार्फत समाजलाई सही दिशाबोध गराउनुहुने हाम्रा लेखक, स्तम्भकार तथा विश्लेषकहरुप्रति हामी उच्च सम्मान व्यक्त गर्दछौं ।

हाम्रो यस पत्रकारिताको यात्रामा हातेमालो गर्दै निरन्तर विज्ञापन र व्यावसायिक सहकार्य गर्नुहुने हाम्रा विज्ञापन दाताहरु पनि यस सफलताका महत्वपूर्ण साझेदार हुन् भन्ने हाम्रो बुझाइ छ, आगामी दिनमा पनि यस्तै सहकार्यको अपेक्षा राख्दछौं । साथै, विषम परिस्थितिमा समेत घरायसी समस्याको पर्वाह नगरी, दिनरात नभनी समाचार संकलन, सम्पादन, मुद्रण र वितरण कार्यमा अहोरात्र खट्नुहुने हाम्रा सम्पादकीय कक्षका साथीहरु, प्राविधिक कर्मचारीहरु तथा बजार व्यवस्थापनमा खटिने सम्पूर्ण कर्मयोगीहरु नै यस संस्थाका असली मेरूदण्ड हुन् । तपाईहरुको असीम लगनशीलता र मेहनतबिना यो यात्रा यहाँसम्म आइपुग्न सम्भव थिएन । यसका साथै, हामीलाई निरन्तर मार्गदर्शन र शुभकामना दिने सम्पूर्ण शुभचिन्तकहरुप्रति पनि हामी सधैं आभारी छौं ।

तर, यस्ता महान् चाडपर्वहरु मनाइरहँदा हामीले समाजका केही यथार्थ पक्षहरुलाई बिर्सनु हुँदैन । पछिल्लो समय देशमा देखिएको आर्थिक मन्दी, महँगी, रोजगारीको अभाव र यसले निम्त्याएको बाध्यकारी वैदेशिक रोजगारीका कारण कतिपय परिवारका लागि दशैं पहिले जस्तो उल्लासमय बन्न सकिरहेको छैन । चाडपर्वको मुखमा पनि आफ्ना प्रियजनहरुलाई विदेशको भूमिमा छाडेर चाड मनाउन बाध्य नेपालीहरुको पीडालाई हामीले महसुस गर्नुपर्छ ।

अन्त्यमा, बडा दशैं २०८३ ले हामी सबैमा आपसी मेलमिलाप, भाइचारा, सहिष्णुता र राष्ट्रप्रतिको अगाध प्रेम अझ प्रगाढ बनाओस् । यो पर्वले हामीलाई व्यक्तिगत स्वार्थभन्दा माथि उठेर समाज र राष्ट्रको चौतर्फी विकासका लागि एकजुट भएर अगाडि बढ्ने प्रेरणा प्रदान गरोस् भन्दै सम्पादक मण्डल, पूर्वसन्देश दैनिक परिवारको तर्फबाट सम्पूर्ण महानुभावहरुमा सुस्वास्थ्य, दीर्घायु, उत्तरोत्तर प्रगति र समृद्धिको पुनः हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बडादसैंका विविध स्वरूप

✍ सीता कुमारी न्यौपाने

घडामा शक्तिकी देवी महाकाली, धनकी देवी महालक्ष्मी, विद्या र बुद्धिकी देवी महासरस्वतीको पनि अर्चना गरिन्छ । यस क्रममा वेदमा भएका देवीस्तुति, देवीभागवत महापुराण र दुर्गा सप्तशती पाठ गरिन्छ । नौ दिनसम्म यो क्रम चल्छ । दशमीका दिन विसर्जन गरी प्रसाद लगाइन्छ ।

सनातन परम्परामा विशेष गरी शक्तिको उपासना गरी नवरात्र मनाइन्छ । नौ दिन (विशेषतः नौ रात्रि) नवदुर्गाको आराधना गरिने भएकाले यो अवधिलाई नवरात्र भनिन्छ । १० औं दिन नवदुर्गाको प्रसाद ग्रहण गरी अनुष्ठान सम्पन्न गरिन्छ । शाक्त परम्परा (शक्तिको उपासना गर्ने) मा वर्षमा चार वटा नवरात्र उल्लेख छ । पहिलो आषाढ शुक्लपक्ष । दोस्रो आश्विन शुक्लपक्ष । तेस्रो माघ शुक्लपक्ष र चौथो चैत्र शुक्ल पक्ष ।

वर्षमा चार वटा नवरात्रको विधान गरिए पनि नेपाली समुदायमा दुई नवरात्रको मात्र जानकारी छ, मनाइन्छ । वसन्त ऋतुको चैत महिनामा पर्ने भएकाले यसलाई वासन्ती नवरात्र भनिन्छ । नेपाली समाजमा वासन्ती नवरात्रमा पनि अष्टमी (चैतेदसैं) र नवमी (रामनवमी) लाई महत्व दिइन्छ । दोस्रो शारदीय नवरात्र । शरद ऋतु (आश्विन) मा मनाइने नवरात्र शारदीय हो । यो भारतमा दशहराका रूपमा प्रसिद्ध छ । नेपालमा बडादसैंका रूपमा मनाइन्छ । धार्मिक रूपमा चारै वटा नवरात्रका विधान एउटै हुन् तर अरु विभिन्न कोणबाट हेर्दा शारदीय नवरात्रको विशेष महत्व छ ।

धार्मिक पक्ष

शक्तिस्वरूपा दुर्गा भगवतीको विशेष आराधना गर्ने विशेष अवसर हो(बडादसैं । दुर्गा सप्तशती चण्डीमा पनि शारदीय नवरात्रमा गरिने देवी उपासनाको विशेष महत्व बताइएको छ । आश्विन शुक्ल प्रतिपदाको बिहान घटस्थापना गरिन्छ । त्यही घडामा देवीको आह्वान गरिन्छ । नवरात्रभर उनकै पूजा आराधना गरिन्छ । विशेष गरी दुर्गाका नौ रूप- शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी र सिद्धिदात्रीको आराधना गरिन्छ ।

घडामा शक्तिकी देवी महाकाली, धनकी देवी महालक्ष्मी, विद्या र बुद्धिकी देवी महासरस्वतीको पनि अर्चना गरिन्छ । यस क्रममा वेदमा भएका देवीस्तुति, देवीभागवत महापुराण र दुर्गा सप्तशती पाठ गरिन्छ । नौ दिनसम्म यो क्रम चल्छ । दशमीका दिन विसर्जन गरी प्रसाद लगाइन्छ । विभिन्न सिद्ध शक्तिपीठमा पशुबलिसहितको पूजा आराधना चल्छ । यो अवधिमा शक्तिपीठमा पुगेर देवीको दर्शन गर्ने चलन छ । काठमाडौंमा गुह्येश्वरी, भ□काली, मैतीदेवी, नक्साल भगवती, शोभा भगवती र नवदुर्गाका साथै बाहिर पलाञ्चोक भगवती, पाल्चोक भगवती, बागेश्वरी, गढीमाईलगायत शक्तिपीठ गन्तव्य बन्छन् । स्थानीयस्तरका देवी मन्दिरमा पनि श्रद्धालु पूजाआराधना गर्न पुग्छन् । काठमाडौं उपत्यकाका विभिन्न सहरमा रहेका तलेजु भवानीको विशेष पूजा हुन्छ । यसै बेला जीवित देवी कुमारीको पनि पूजा हुन्छ ।

सांस्कृतिक पक्ष

विशेष गरी देवीलाई नौ दिनसम्म चढाएका यवांकुर (जौका जमरा) वा घडामा जौ टाँसेर बनेका जमरा दशमीमा प्रसादका रूपमा लगाउने विधि छ । अहिले घटस्थापनाका दिन देवीको पूजास्थलमै माटो वा बालुवामा जौ छरिन्छ । कतै कतै द्वितीयाको चन्द्रमा हेरेर पनि जौ छर्ने (जमरा राख्ने) चलन छ । यसमा दिनहुँ मात्रा मिलाएर जल सिञ्चन गरिन्छ । टुसाउन थालेपछि कपडा वा डालोले छोपेर पहेँलो बनाइन्छ । यही पहेँलो जमरा टीकासँगै मान्यजनको हातबाट लगाइन्छ । देवीको पूजा गरी बनेको प्रसादस्वरूपको टीका सामान्यतया रातो (रक्तचन्दन वा अबिरमा मुछेका) हुने भए पनि कतिपय समुदाय(संस्कृतिमा सेता अक्षता (दहीमा मुछेको) लगाउने चलन पनि छ ।

सप्तमीका दिन शुभसाइतमा नौ प्रकारका वनस्पति (केरा, दारिम, धान, बेसार, मानक, कर्चुर, जयन्ती, बेल र अशोक) दसैंघरमा भित्र्याइन्छ । देवीलाई तिनको पत्रबाट स्नान गराइन्छ । ती पत्रमा देवीहरूको पूजा गरिन्छ । गोरखा दरबारबाट ल्याइएको फूलपाती काठमाडौंको दसैंघरमा भित्याउने संस्कृति छ । नवरात्रभर प्रत्येक दिन एक-एक वा महानवमीका दिन नौ कन्या पूजा गर्ने, उनीहरूलाई वस्त्र-अलंकार प्रदान गर्ने चलन पनि छ ।

पारिवारिक पक्ष

पढाइ वा रोजगारीको सिलसिलामा देशविदेशमा छरिएर रहेका परिवारका सदस्य सकेसम्म बडादसैंमा मूलघरमा पुग्छन् । बढीमा फूलपाती वा महाष्टमीका दिनसम्म भए पनि घर पुगेकै हुन्छन् । घरमा हुने धार्मिक अनुष्ठानमा सहभागी हुन्छन् । परिवारका सदस्यबिच वर्ष दिनभरका सुखदुःखका भलाकुसारी चल्छ । खसीबोका काट्ने मासु तयार पार्ने र तिनका परिकार बनाउन खट्छन् । विजयादशमीमा परिवारका सबै दाजुभाइ जम्मा भएर हजुरबुवा(हजुरआमा, बुबा(आमासँग प्रसाद ग्रहण गर्छन् । आशिष् थाप्छन् । टीकाको क्रम सकिएपछि सबै सदस्य एकै ठाउँमा बसेर भोजन गर्छन् । कतिपय स्थानमा दशमीका दिन मात्र टीका प्रसाद लगाइने भए पनि कति ठाउँमा पूर्णिमासम्म लगाउने चलन छ । घरमा टीका लगाएर मावली, बुढो मावली, ससुरालीलगायतकहाँ जाने चलन छ ।

सामाजिक पक्ष

वर्ष दिनमा वा बर्सौंपछि साथीसङ्गीसँग भेट हुने अवसर पनि हो- बडादसैं । गाउँ गाउँ डुलेर छिमेकीका हालखबर बुझ्ने, दौँतरी भेटेर सुखदुःखका भलाकुसारी गर्ने, सार्वजनिक ठाउँमा पिङ हाल्न लागिपर्ने, छिमेकीका सानातिना काम सघाइदिने बडादसैंको विशेषता नै हो । परिवारका धेरै सदस्य नभएको घरमा खसी काट्न, मासु तयार पार्न सघाइदिने, त्यसबेला गाउँघरका हाल बुझ्ने जस्ता कार्यले सामाजिक पक्ष पनि बलियो बनाएको देखिन्छ । आर्थिक अवस्था कमजोर भएकालाई सहयोग गर्ने वा कुनै एक दिन छिमेकका सबै मिलेर खानपान गर्दै भलाकुसारी गर्ने गरेको पनि पाइन्छ । कतिले यही मौकामा गाउँका सानाठुला समस्या समाधानका लागि पहल गरेको पनि पाइन्छ ।

आर्थिक पक्ष

पहिले पहिले गाउँघरमा नयाँ लुगाका लागि दसैं नै पर्खिनु पर्थ्यो । यातायातको व्यवस्था थिएन र गाउँबाट धेरै घण्टा हिँडेर सहर आएर आफूलाई चाहिने कपडा, मसला आदि लैजाने चलन थियो । अहिले त्यो अवस्था छैन । घरआँगनमै पसल छन् । केही दुरीमै ठुला बजार छन् । साथमा पैसा भए मन लागेका बेला जतिखेर नै किन्न सकिन्छ । लुगाफाटा सर्वसुलभ बनेका छन् तर पनि दसैंमा एक जोर भए पनि नयाँ लुगा हाल्नु पर्छ भन्ने मान्यता अझै पनि अधिकांशमा छ । ठुलालाई नभए पनि केटाकेटीलाई अनिवार्य रूपमा लुगादेखि जुत्तासम्मका वस्तु नयाँ किन्ने चलन छ ।

बडादसैं लाग्नुअघि नै चामलदेखि मरमसलासम्मका वस्तु अलि निकै जोहो गर्ने चलन छ । धेरैले दसैंलाई मासुको चाड भनेर पनि चिन्छन् । पहिले पहिले त गाउँघरमा मासु खानका लागि दसैं नै पर्खिनुपर्ने अवस्था थियो । दसैंमा सकेसम्म घरमा खसी, बोका काट्ने नभए बजारबाट पर्याप्त मात्रामा मासु ल्याएर खाने र टीका लगाउन आउनेलाई समेत खुवाउने चलन छ । मासुसँगै चिउराको विशेष महत्व छ । मांसाहारीले मासु खाने र मासु नखानेले दही, दुध, घिउ, पनिरका विभिन्न परिकारका साथै फलफूल, मिठाई खान्छन् । शाकाहारीले दहीचिउरा केरा मुछेर खान्छन् । यो नेपालीको मौलिक खानेकुरा हो ।

टाढा टाढा बसेका परिवारका सदस्य घर फर्किने, आफन्तहरु टीका लगाउन ओहोरदोहोर गर्ने हुँदा यातायात क्षेत्रमा चलायमान हुने रकमको मात्रा ठुलो छ । परिवारका सदस्य वा आफन्तलाई कोसेली र टीका लगाउन आउनेहरूलाई दिइने दक्षिणामा पनि ठुलो रकम खर्च हुन्छ । केही वर्षअघि त राष्ट्र बै□ले समेत नयाँ नोट साट्ने गर्थ्यो, टीका लगाएर दक्षिणा दिनेका लागि भनेर । अहिले पनि सफा र सुकिला नोट भनेर साटिदिने गरेकै छ । दसैंमा धेरै खर्च हुने भएकाले सरकारी वा निजी क्षेत्रका कार्यालयमा कर्मचारीलाई दसैँखर्चबापत बोनस वा अन्य नाममा खर्च दिने चलन छ । जागिरेबाहेक कृषक तथा पशुपालकले घरमा पालेका खसीबोका बेचेर दसैंका लागि पैसाको जोहो गर्छन् । अरूले आ□ना उत्पादन बेचेर पैसा जम्मा गर्छन् । यसरी बडादसैंका बेला ठुलो मात्रामा आर्थिक कारोबार हुन्छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

दसैंमा प्रकाशको सांगीतिक कोसेली : मगर संस्कृतिदेखि परदेशीको कथासम्म

दमक/ दसैंको छेको पारेर गायक तथा सर्जक प्रकाश दुतराज फेरि नयाँ सांगीतिक कोसेलीसहित झुल्किएका छन् । 'मायालाई त दिन मन छ फूलै बुट्टे रुमाली
छ नी हो माया भोलिको भर हुन्न
बगेरै जानी खोलीको भर हुन्न ।'

यो प्रेमगीत हो । यद्यपि, यसमा मायापिरतीका मीठा भाव मात्रै छैनन्, यसपटक प्रकाशले एउटा समुदायको मौलिक संस्कृति र परदेशिनुको कथा पनि पस्किने प्रयास गरेका छन् ।

उसो त लोकगीतमा आ□नै स्वाद पस्किने सर्जक हुन्, प्रकाश । उनको स्वरमा जति आ□नै किसिमको मिठास छ, शब्द र संगीतमा उत्तिकै मौलिकता भेटिन्छ ।

अझ उनका गीतमा गाउँघरका कथा, नेपाली समाजको जीवनशैली र कला(संस्कृतिका सुन्दर दृश्य देख्न पाइन्छन् । उनी गीत ल्याउन हतार गर्दैनन्। समय लगाएर सिर्जना गर्छन् र केही फरक स्वाद दिने प्रयास गर्छन् ।

पछिल्ला केही वर्षयता दसैंको आसपास नयाँ गीत ल्याउँदै आएका प्रकाशले यसपालि 'शिरमै फूल माया' स्रोता तथा दर्शकसामु सुम्पिएका हुन् ।

यसपटकको प्रस्तुति भने केही फरक छ। झन्डै २४ मिनेट लामो म्युजिक भिडिओमा दुइटा गीत समेटेका छन् । 'शिरमै फूल माया' र 'सुगाचरी' । दुवै गीतले एउटै कथालाई अगाडि बढाएका छन् ।

गीतमा विशेषगरी मगर समुदायको विवाह संस्कारलाई कथाको महत्वपूर्ण हिस्सा बनाइएको छ । गाउँघरको परिवेश, मौलिक पहिरन, भाषा र परम्परालाई भिडियोमा उतार्ने प्रयास गरिएको छ ।

कथा मगर समुदायमा हुर्किएका एक युवकको हो। साथीका लागि केटी माग्न जाँदा उनलाई त्यहीँकी अर्की युवती मन पर्छ । संयोगले ती युवती बेहुलीलाई पुर्‍याउन लोकन्ती बनेर युवकको गाउँ पुग्छिन्। फर्किने क्रममा उनीहरूबीच प्रेम अंकुराउँछ । बिस्तारै सम्बन्ध गहिरिन्छ र उनीहरु पनि विवाह बन्धनमा बाँधिन्छन् ।

तर, विवाहसँगै कथाले अर्को मोड लिन्छ । पहाडी गाउँको अभाव, सीमित आम्दानी र पारिवारिक जिम्मेवारीले युवकलाई परदेशिन बाध्य बनाउँछ ।

प्रेमको मिठाससँगै बिछोडको पीडा जोडिन्छ। यही भावलाई दुई गीतमार्फत प्रकाशले एउटै कथामा उनेका छन् ।

निर्देशक नवीन घर्ती मगरका अनुसार घाँसदाउरा, गोठालो, खेतीपाती र गाउँले जीवनका गतिविधिलाई भिडिओमा समेटिएको छ ।

शुभकामना
विजयादशमी, शुभ दीपावली तथा छैठ पर्व : २०८३ को पावन अवसरमा समस्त ग्राहकवर्ग, उधमी, व्यवसायी, एवम् नेपाली दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
भगवान बस्नेत/जनक कार्की
झापाली इटा
सम्पर्कका लागि : दमक: ०२३-५८०९१४
भगवान बस्नेत : ९८५२६७००३१
जनक कार्की : ९८५२६७०१७४/९८०१४०१४४१
भट्टा सम्पर्क : ९८०१४१४०४२/९८०१४०१४०

शुभकामना
विजयादशमी, शुभ दीपावली तथा छैठ पर्व २०८३ को पावन अवसरमा समस्त ग्राहकवर्ग, उधमी, व्यवसायी, एवम् नेपाली दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रो. मनोज सिंह
पानासोनिक इलोक्ट्रोनिक्स वर्ल्ड
दमक-८, झापा
सम्पर्क : ९८४२६२०९३०/९८०४९३१६३९
०२३-५८३१४७

शुभकामना
विजयादशमी, शुभ दीपावली तथा छैठ पर्व २०८३ को पावन अवसरमा समस्त ग्राहकवर्ग, उधमी, व्यवसायी, एवम् नेपाली दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,
गंगा ट्राभल्स एण्ड टुर्स,
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै
फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०

शुभकामना
विजयादशमी, शुभदीपावली तथा छैठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण सेवाग्राही, चिकित्सक, कर्मचारीलगायत देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रो. मणी भट्टराई
सिद्धि विनायक हेल्थ केयर सेन्टर, परिवार
दमक-१ (झापा)

शुभकामना
विजयादशमी, शुभदीपावली तथा छठ पर्व २०८१ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य, कर्मचारी, सहकारीकर्मी तथा नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
खगेन्द्र भण्डारी (व्यवस्थापक)
कपिलप्रसाद आचार्य (अध्यक्ष)
इन्द्रेणी बहुउद्धेश्यीय सहकारी संस्था लि. परिवार
कमल, (झापा)

शुभकामना
विजयादशमी, शुभदीपावली तथा छैठ पर्व २०८३ को पावन अवसरमा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
खानेपानी तथा सरसफाई उपभोक्ता संस्था, परिवार
दमक-१ (झापा)

यस्तो छ दशैंको टीका र जमराको शास्त्रीय साइनो

दमक/ नेपालीहरूको महान् पर्व बडादशैंको मुख्य आकर्षण नै टीका र जमरा हो भन्ने कुरा सबैलाई थाहा छ । प्रत्येक वर्ष आश्विन शुक्ल दशमीका दिन मान्यजनको हातबाट टीका र जमरा ग्रहण गर्दै आशिर्वाद लिने परम्परा सदियौंदेखि चल्दै आएको छ । तर जमरा र टीका केवल एक सांस्कृतिक अभ्यास मात्र नभइ, यसको धार्मिक, आध्यात्मिक र वैज्ञानिक अर्थ पनि उत्तिकै गहिरो छ ।

जमरा भनेको जौ हो र जौलाई भगवान विष्णुले अन्नमध्ये अत्यन्त प्रिय मानेको शास्त्रमा उल्लेख पाइन्छ । घटस्थापनाको दिन राखिएको जमरा नवमीसम्म पूजा गरी दशमीका दिन देवीलाई विसर्जन गरेपछि महाप्रसादका रूपमा ग्रहण गरिन्छ ।

'जमराले भगवती आमाको कृपा प्राप्त हुन्छ । पहेंलो जमरा सफलता र पूर्णताको प्रतिक हो । त्यही कारण दशैंमा जमरा टाउकोमा सजाएर मान्यजनबाट आशिर्वाद थापिन्छ ।'

त्यस्तै, रातो टीकालाई भगवतीको आकर्षणको प्रतिकका रूपमा बुझिन्छ । निधारमा रातो टीका लगाउँदा विजय, ऐश्वर्य र उर्जाको भाव प्रकट हुन्छ ।

'रामले रावणमाथि विजय हासिल गरेको सम्झनामा हामी विजयादशमीलाई विजय उत्सवका रूपमा मनाउँछौं । यस दिनको टीका र जमराले त्यसै विजयको स्मरण मात्र होइन, आत्मिक शक्ति पनि प्रदान गर्छ ।'

जमरा प्रकृतिसँग जोडिएको प्रतिक पनि हो । यव अर्थात् जौ भगवान भोलेनाथको स्वरूप मानिन्छ भने तिल भगवान विष्णुको, त्यसैले घटस्थापनामा राखिएको जौलाई भगवतीको सान्निध्यमा पूजा गरिन्छ ।

जमरा र टीकाको परम्परा वेद(पुराणसँग जोडिएको पाइन्छ । हिन्दू धर्मग्रन्थमा दशैंलाई देवी दुर्गाले महिषासुर नामक राक्षसविरूद्ध प्राप्त गरेको विजयको प्रतिकका रूपमा वर्णन गरिएको छ ।

प्राचिन समयमा राजा(महाराजाहरूले युद्धमा विजय पाएपछि प्रजाहरूलाई टीका र जमरा लगाइदिने चलन रह्यो । यसलाई विजयको घोषणा गर्ने र सबैलाई एकतामा बाँध्ने माध्यमका रूपमा उपयोग गरिन्थ्यो । यही संस्कार क्रमशः पारिवारिक र सामाजिक परम्परामा रूपान्तरण हुँदै आएको हो ।

खानपान र जीवनशैली

दसैंमा मासु खाँदा मात्रा मिलाउनुस्

दमक/ दसैंमा मासु तथा चिल्लो परिकारको अत्यधिक सेवन, शारीरिक सक्रियतामा कमी र नियमित औषधि सेवनमा लापरबाही गर्दा मुटुको स्वास्थ्यमा असर पर्न सक्ने भएकाले खानपिन र जीवनशैलीमा विशेष ध्यान दिन मुटुरोग विशेषज्ञ डा. सूर्य देवकोटाले सुझाव दिएका छन् ।

डा. देवकोटाले दसैं लगायतका चाडपर्वमा रमाइलो गर्दा पनि स्वस्थ खानपिन, नियमित शारीरिक गतिविधि र औषधि सेवनलाई निरन्तरता दिनुपर्ने बताएका छन् ।

त्रिवि मनमोहन कार्डियोभास्कुलर सेन्टरमा कार्यरत डा. देवकोटाका अनुसार दसैंमा मासु खानु अस्वाभाविक होइन । तर, कस्तो मासु खाने, कति खाने र कसरी पकाउने भन्ने कुराले मुटुको स्वास्थ्यमा महत्त्व राख्छ । विशेषगरी मुटुरोग, उच्च रक्तचाप, मधुमेह र कोलेस्ट्रोलको समस्या भएका व्यक्तिले खानपिनमा बढी अनुशासन अपनाउन आवश्यक छ ।

'रातो मासुको तुलनामा सेतो मासु रोज्नु राम्रो हुने उल्लेख गर्दै खसीको मासु खाँदा देखिने बोसो हटाउन, छाला नभएको मासु खान र भित्री अङ्ग सकेसम्म खान हुँदैन । माछा तथा कुखुराको मासु खान सकिने भए पनि मात्रा र पकाउने तरिकामा ध्यान दिनुपर्छ,' उनले भने, 'मासुका परिकारसँगै फलफूल, सागसब्जी र हरियो तरकारी पनि खानुपर्छ । मासु खाने चाड भन्दैमा खानपिनमा नियन्त्रण गुमाउनु हुँदैन । स्वस्थ व्यक्तिले पनि सावधानी अपनाउनुपर्ने र पहिलेदेखि रोग भएका व्यक्तिले अझ बढी सतर्कता अपनाउनुपर्छ ।'

शुभकामना

विजयादशमी, शुभदीपावली तथा छैठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य, सहकारकर्मी तथा देशविदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कञ्चनजंगा सहकारी संस्था लि., परिवार
दमक-८, झापा

दशैंले ल्याउन नसकेको खुशी !

ओमप्रकाश गौतम
omgautam2078@gmail.com

हामी नेपालीहरूलाई अनेक चाडपर्वहरूले खुसी तुल्याउछन् । विविधतामा एकता भएको हाम्रो देश नेपालमा सम्पूर्ण जातजातिहरूका आ(आफनै पर्वहरू छन् । प्रत्येक नेपालीहरूले धर्म संस्कृतिको पालना गर्ने परम्परा प्राचीन युगदेखिनै हुँदा आएको इतिहास भेट्न सकिन्छ ।

हाम्रो सुन्दर बगैंचामा अनेक फूलहरू फुलेका छन, फक्रेका छन् । यसैलाई सबैले भित्री मनदेखि पालना गर्दै रितिरिवाजको संवर्दन गर्दै आएका छन् । यसकारणले पनि नेपाल एउटा सुन्दर देश हो, जहाँ नेपालीहरू पर्वमा रमाउने गर्छन् र ठूलाहरूसङ्ग आशीर्वाद थाप्छन ।

हो आज त्यही आशीर्वाद थाप्ने पर्वहरू क्रमश : आइरहेको छ । यो पर्वहरू मध्येको एक हो विजयादशमी । विजयादशमी केवल एउटा चाडपर्व मात्र होइन, यो त आशा, विश्वास, प्रेम, सद्भाव र नयाँ सुरूवातको सुन्दर प्रतीक हो । यो पर्वले हरेक नेपालीको मनमा खुसीको नयाँ तरङ्ग ल्याओस्, हरेक घरमा सुखको बास गराओस् र हरेक परिवारमा प्रेम तथा आत्मीयताको फूल फुलाओस्। जीवनका हरेक मोडमा खुसीका पलहरु भेटिऊन्, हरेक बिहान नयाँ उमङ्ग लिएर आओस् र हरेक साँझ सन्तुष्टि तथा शान्तिको अनुभूतिसहित बितोस् ।

यो विजयादशमीले कसैको जीवनमा दु:खको अँध्यारो नरहोस्, कसैको आँखामा पीडाका आँसु नरहून् र कसैको मनमा एक्लोपनको बोझ नरहोस् । सबैको मुहारमा मुस्कान छाओस्, मनमा सकारात्मक सोच पलाओस् र हृदयमा एकअर्काप्रतिको माया तथा सम्मान अझ गहिरो बनोस् । दु:खमा परेकाहरूले सहारा पाऊन्, निराश भएकाहरूले आशा पाऊन्, संघर्ष गरिरहेकाहरूले सफलता पाऊन् र जीवनसँग थाकेकाहरूले फेरि अघि बढ्ने नयाँ साहस प्राप्त गरून् ।

दशैंको रातो टीका निधारमा मात्र होइन, भाग्य र भविष्यमा पनि खुसीको रङ बनेर छाओस् । जमराको हरियालीजस्तै जीवन सधैं हराभरा बनोस् । दुर्गा भवानीको कृपाले हरेक कठिनाइसँग जुध्ने शक्ति मिलोस्, हरेक बाधालाई पार गर्ने साहस मिलोस् र हरेक लक्ष्य हासिल गर्ने आत्मविश्वास जागोस्। हाम्रो जीवनमा आउने हरेक चुनौतीले हामीलाई कमजोर होइन, अझ बलियो र अनुभवी बनाओस् । टाढा रहेका आफन्तहरु सुरक्षित रहून् र अर्को दशैंमा आफ्नै आँगनमा बसेर परिवारसँग टीका तथा जमरा लगाउन पाउने सुन्दर अवसर मिलोस् ।

यो पर्वले हामीलाई अरूको खुसीमा खुसी हुन, अरूको सफलतामा गर्व गर्न र अरूको दु:खमा साथ दिन सिकाओस् । कसैको प्रगति देखेर ईर्ष्या होइन, प्रेरणा जागोस् । कसैको कमजोरी देखेर आलोचना होइन, सहयोग गर्ने भावना पैदा होस् । हाम्रो बोलीले कसैको मन नदुखाओस्, हाम्रो व्यवहारले कसैको आत्मसम्मानमा चोट नपुर्‍याओस् र हाम्रो उपस्थितिले अरूको जीवनमा सकारात्मक परिवर्तन ल्याओस् । हामी जहाँ रहे पनि, जस्तो अवस्थामा रहे पनि, असल मानिस बनेर बाँच्न सकौं । विजयादशमीको वास्तविक अर्थ विजयमा मात्र सीमित छैन, यसले हामीलाई आफ्नै मनभित्र रहेका नकारात्मक विचारमाथि विजय प्राप्त गर्न पनि प्रेरणा दिन्छ ।

हरेक मेहनती हातले काम पाओस्, हरेक इमानदार प्रयासले उचित मूल्य पाओस् र हरेक व्यक्तिले आत्मसम्मानका साथ जीवन बिताउन सकोस् । यो पवित्र अवसरमा सबै बिरामीहरूले स्वास्थ्य लाभ गरून्, वृद्धवृद्धाहरूले आफ्ना सन्तानको माया र सम्मान पाऊन्, बालबालिकाहरूले सुरक्षित तथा सुन्दर भविष्य पाऊन् र युवाहरूले आफ्नो क्षमता चिनेर सही दिशामा अघि बढ्ने प्रेरणा प्राप्त गरून् । परिवारका ज्येष्ठ सदस्यहरूको आशीर्वाद सधैं कायम रहोस् । घरका साना सदस्यहरूको हाँसोले आँगन गुञ्जिरहोस् । आमाबुबाको अनुहारमा सन्तुष्टि देख्न पाइयोस् र आफ्ना प्रियजनहरु स्वस्थ, सुरक्षित तथा खुसी रहेको खबर सधैं सुन्न पाइयोस् ।

यो पर्वले हाम्रो समाजमा शान्ति, सद्भाव र एकताको भावना अझ बलियो बनाओस् । जात, धर्म, भाषा, क्षेत्र र विचारका भिन्नताभन्दा माथि उठेर हामी सबै नेपाली एकअर्काको सुखदु:खमा साथ दिने मानिस बन्न सकौं। हाम्रो देशमा प्रेमको वातावरण फैलियोस्, हिंसा र द्वेष हटोस्, अन्याय तथा विभेद कम हुँदै जाऊन् र सबैले समान अवसर तथा सम्मानका साथ जीवन बिताउन पाऊन्। हाम्रो मातृभूमि शान्त, समृद्ध र सुन्दर बनोस् ।

देशको भविष्य उज्ज्वल बनाउने जिम्मेवारीबोध हामी सबैमा जागोस्। दशैंका मिठा परिकार, नयाँ लुगा, रातो टीका, पहेँलो जमरा, पिङको मच्चाइ र आफन्तहरूसँगको भेटघाटले जीवनमा रमाइला सम्झनाहरु थपून्। बाल्यकालका ती रमाइला दशैंहरूजस्तै फेरि पनि मनभरि खुसी अनुभव गर्न पाइयोस्। समयसँगै टाढिएका साथीहरु भेटिऊन्, पुराना सम्झनाहरु ताजा बनून् र जीवनको व्यस्तताबीच परिवारसँग बिताउने अमूल्य समय प्राप्त होस्। साना(साना खुसीलाई पनि ठूलो उपहार सम्झेर मनदेखि रमाउन सकियोस्। यो विजयादशमीले सबैको घरमा अन्न, धन र सुखको कमी हुन नदियोस् ।

परिवारमा विश्वास कायम रहोस्, दाम्पत्य जीवनमा प्रेम बढोस्, दाजुभाइ तथा दिदीबहिनीबीच आत्मीयता प्रगाढ बनोस् र मित्रतामा इमानदारी तथा सद्भाव कायम रहोस् । सम्बन्धहरु स्वार्थले होइन, विश्वासले जोडिऊन् । अन्ततः, यो विजयादशमीले हाम्रो जीवनमा केवल केही दिनको उत्सव मात्र होइन, वर्षभरि रहने खुसीको आधार बनाओस् । टीकाको रङ मेटिएला, जमरा ओइलाउला र पर्वका दिनहरु बितेर जालान्, तर यो अवसरमा प्राप्त माया, आशीर्वाद, आत्मीयता र सकारात्मक सोच सधैं हाम्रो मनमा जीवित रहून् ।

सात परिवारलाई जग्गाधनी पुर्जा

झापा/ झापाको अर्जुनधारा नगरपालिका-११ मा लामो समयदेखि अव्यवस्थित रूपमा बसोबास गर्दै आएका सात परिवारलाई जग्गाधनी प्रमाण पुर्जा वितरण गरिएको छ ।

जिल्ला भूमि समस्या समाधान समिति झापाले आज एक समारोहबीच उनीहरूलाई जग्गाधनी पुर्जा वितरण गरेको हो । चार दशकदेखि आफ्नो नाममा जग्गाको स्वामित्व नपाएका स्थानीयले पुर्जा प्राप्त गरेसँगै कानुनी रूपमा जग्गाधनी बनेका छन् ।

पुर्जा वितरण गर्दै जिल्ला भूमि समस्या समाधान समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले भूमिहीन दलित, भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीको समस्या दीर्घकालीन रूपमा समाधान गरी जग्गाको कानुनी स्वामित्व प्रदान गर्ने सरकारको लक्ष्यअनुसार पुर्जा वितरणलाई प्राथमिकताका साथ अघि बढाइएको बताए ।

"जिल्ला भूमि समस्या समाधान समितिले विशेष प्राथमिकता दिएर आगामी दिनमा कामलाई तीव्रता दिनेछौं । त्यसका लागि समर्पित टोली बनाएर काम गर्ने अवधारणा अघि बढाएका छौं", उनले भने ।



कमल गाउँपाालिका गाउँकार्यपालिका कार्यालयको

सार्वजनिक अपिल

आदरणीय कमल गाउँपालिकावासी आमाबुबा, दाजुभाई तथा दिदीबहिनीहरु,

- चाडपर्व हाम्रा संस्कृति हुन् । त्यसैले सभ्य र मितव्यीय ढंगबाट चाडपर्व मनाऔं ।
- जुवा, तास, विस्फोटक पदार्थ लागुपदार्थ जस्ता सामाजिक विकृति र जोखिम निम्त्याउने क्रियाकलाप कसैले नगरौं/हुन नदिऔं ।
- बालबालिकाहरुसँग बालमैत्री व्यवहार गरौं ।
- ज्येष्ठ नागरिक, महिला अपांगता भएका नागरिकहरुलाई विशेष ग्राह्यता दिऔं ।
- व्यक्तिगत घटना दर्ता समयमा नै गर्नें गरौं ।
- वडा कार्यालय वा गाउँपालिकामा बुझाउनु पर्ने व्यवसाय कर/सम्पत्ति कर/बहाल कर तथा राजश्वहरु समयमा नै बुझाई जरिवानाबाट बचौं ।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिकहरुमाथि हिंसाजन्य गतिबिधि कहिल्यै नगरौं ।
- सार्वजनिकस्थलहरु बिद्यालय, स्वास्थ्य संस्था, मठमन्दिर आदीको १०० मिटर वरपर मदिरा तथा सुर्तीजन्य बस्तुको कारोबार नगरौं ।
- घर वरपरको वातावरण सधैं सफा र स्वच्छ राखौं ।
- आ-आफ्नो घर वरपर हरियाली बनाई राख्न वृक्षारोपण गरौं ।
- बजारमा प्रतिबन्धित र खान अयोग्य वस्तुहरुको किनबेच नगरौं ।
- घर तथा सार्वजनिकस्थलहरुमा डस्टबिनको प्रयोग गरौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण असल नागरिकको दायित्व हो त्यसैले प्राकृतिक स्रोत साधनको सधैं संरक्षण गरौं ।

कमल गाउँपालिका कार्यपालिकाको कार्यालय
तोपगाछी-झापा

किशोर श्रेष्ठ र हिमेश पन्त साइवर ब्युरोमा

दमक/ समाचारको विषयलाई लिएर जनआस्था साप्ताहिकका प्रधानसम्पादक किशोर श्रेष्ठ र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का केन्द्रीय सदस्य हिमेश पन्तबीच विवाद बढेपछि नेपाल प्रहरीको साइबर ब्युरोले दुवै पक्षलाई छलफलका लागि बोलाएको छ ।

पन्तले श्रेष्ठविरूद्ध हिजो साइबर ब्युरोमा निवेदन दिएका थिए । श्रेष्ठले पनि पन्तविरूद्ध निवेदन दिएको ब्युरो स्रोतले जनाएको छ । यसैक्रममा प्रहरीको टोली ललितपुरको नख्खुस्थित निवासबाट श्रेष्ठलाई साइबर ब्युरो लगेको छ । पन्तलाई पनि छलफलका लागि ब्युरोले बोलाएको हो ।

यसैबीच नेपाल पत्रकार महासंघले जनआस्था साप्ताहिकका प्रधानसम्पादक किशोर श्रेष्ठलाई प्रहरीले पक्राउ गरेकोमा भर्त्सना गरेको छ । विज्ञप्ति जारी गर्दै माहासंघले श्रेष्ठको पक्राउलाई लिएर भर्त्सना गरेको हो ।

वडा दशैंको शुभकामना

विजयादशमी, शुभदीपावली तथा छैठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य, सहकारीकर्मी तथा देशविदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नवदुर्गा सहकारी संस्था लि., परिवार, दमक-१,झापा

दैनिक राशिफल

आज मिति
२०८३ साल
कात्तिक १ गते
आइतबार
18 Oct. 2026
तिथि: अष्टमी

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

राशि	अक्षर	फल
मेष	चु चे लो ला लि लँ ले लो अ	आफन्तको सहयोग । मनमा शान्ति ।
वृष	इ उ ए ओ वा वि वु वे वो	आर्थिक समस्या । पारिवारिक बोझ ।
मिथुन	का कि कु घ ङ छ के को	मानसिक समस्या । व्यर्थको यात्रा ।
कर्कट	चु चे लो ला लि लँ ले लो अ	धन लाभ । सुख प्राप्ति ।
सिंह	मा मि मु मे मो टा टि टु टे	अध्ययनमा बाधा । पारिवारिक झमेला ।
कन्या	टो प पी पँ ष ण ठ पे पो	बोलीको प्रभाव बढ्ने । धन लाभ ।
तुला	हि हु हे हो डा डि डु डे डो	व्यापारबाट घाटा । अनावश्यक भ्रमण ।
वृश्चिक	तो ना नि नँ ने नो या यि यु	आकस्मिक लाभ । विद्यामा सफलता ।
धनु	य यो भा भी भ धा फा ढ	कार्यमा सफलता । मनमा शान्ति ।
मकर	भो जा जी खि खू खे खो गा गी	खर्च बढ्ने । झुटो आरोप लाग्ने ।
कुम्भ	गँ गे गो सा सी सँ से सो द	शत्रु भय । स्वास्थ्यमा समस्या ।
मीन	दि दु थ झ ञ दे दो चा ची	व्यवसायबाट लाभ । पारिवारिक सुख ।

सीमावर्ती बजारमा यसवर्ष दसैंको व्यापारमा गिरावट

मोरङ/यसअघिका वर्षहरूमा दशै आउँदा भारतको सीमावर्ती बजारहरू भिडभाड हुने गरेका थिए । यो वर्ष खासै भिड नभएको ब्यवसायीहरू बताउँछन् । चाडपर्वको समयमा नेपाली उपभोक्ताको थेगिनसक्नु भिड हुने नेपाल–भारत सीमावर्ती बजार जोगवनीमा यस वर्ष दसैंको व्यापारमा गिरावट आएको सरोकारवालाले बताएका छन् । विगतमा दसैंको समय खुट्टा राख्ने ठाउँ नहुने जोगवनीमा यसपटक किनमेल गर्नेहरूको उपस्थिति पातलो देखिएको छ ।

जोगवनीको व्यापार घट्नुमा भन्सार नाकामा गरिएको कडाइ, सहायक नाकाबाट भइरहेको तस्करी र बदलिँदो अनलाइन व्यापारलाई मुख्य कारण मानिए पनि विराटनगरका व्यापारीहरु भने उपभोक्ताको 'खस्किएको क्रयशक्ति'लाई सबैभन्दा ठुलो कारण मान्छन् । विगतका वर्ष जोगवनीमा व्यापारको तथ्यांक निकै ठुलो थियो । एक सरकारी अधिकारीका अनुसार सामान्य समयमा पनि जोगवनीमा दैनिक ५ करोड रूपैयाँ हाराहारीको कारोबार हुन्थ्यो । 'रेगुलर समयमा राम्रो बजार चल्दा ५ करोड, दसैंको बेला १८ देखि २२ करोडसम्मको ट्रान्जेक्सन हुन्थ्यो । अहिले घटेको छ,' उनले भने । उनका अनुसार अहिले यो कारोबार करिब आधाले घटेको अनुमान छ ।

बडा दशैंको शुभकामना

बडादशैं, शुभदीपावली, छठपर्व २०८३ को पावन अवसरमा समस्त उद्यमी व्यवसायी एवम् आम नगरबासी महानुभावहरूसहित देश विदेशमा रहनुभएका नेपाली दाजुभाई तथा दिदीबहिनीमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

देवीप्रसाद गुरागाई (गोपाल)
अध्यक्ष एवम्
दमक उद्योग वाणिज्य संघ परिवार
दमक–झापा

दशैंको हार्दिक शुभकामना

विजयादशमी, शुभदीपावली तथा छठ पर्व २०८३ को पावन अवसरमा स्वदेश तथा बिदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ।

केन्द्र प्रसाई
(अध्यक्ष)
सन्तवीर टोल विकास संस्था, परिवार
दमक–६, झापा

वडा दशैंको शुभकामना HAPPY DASHAIN

विजयादशमी, शुभदीपावली तथा छठ पर्व **२०८३** को पावन अवसरमा सम्पूर्ण शेयर सहदस्य, कर्मचारी, सहकारीकर्मी तथा नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवं उज्ज्वल भविष्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

फाल्गुनन्द बचत तथा ऋण सहकारी संस्था लि. परिवार
दमक फाल्गुनन्द मार्ग
(फोन: ०२३-५२७६११, ५७५८१८)

दशैंको हार्दिक शुभकामना

विजयादशमी, शुभदीपावली तथा छठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य, कर्मचारी, सहकारीकर्मी तथा नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

ओम माया लिम्बु (अध्यक्ष)
भुपेन्द्र खनाल (ब्यवस्थापक)

सूर्यकिरण बचत तथा ऋण सहकारी संस्था लि. परिवार
दमक–६, झापा

अन्तर्राष्ट्रिय

भारतीय ककक्रोच नेता अभिजीत फेरी पक्राउ

एजेन्सी । भारतको ककक्रोच जनता पार्टी (सीजेपी) का नेता अभिजीत दीपके फेरि पक्राउ परेका छन् । उनलाई दिल्ली प्रहरीले तिरंगा मार्चका क्रममा नियन्त्रणमा लिएको हो । सीजेपीकी कानुनी प्रमुख रत्ना सिंहले दीपके पक्राउ परेको जानकारी दिँदै उनलाई एसईएम अदालतमा पेस गर्ने तयारी प्रहरीले गरेको बताएकी छन् । उनले दीपकेलाई कहाँ राखिएको छ भन्नेबारे भने प्रहरीले अहिलेसम्म जानकारी दिएको छैन ।

वकिलहरूलाई समेत दीपकेसँग भेट्न अनुमति नदिइएको सिंहको दाबी छ । समाचार संस्था बार एन्ड बेन्चका अनुसार दिल्ली प्रहरीले दीपकेलाई भारतीय नागरिक सुरक्षा संहिता (बीएनएसएस) को धारा १२६ र १७० अन्तर्गत नियन्त्रणमा लिएको जनाएको छ । पछिल्लो छ दिनमा दीपके दोस्रोपटक पक्राउ परेका हुन् । यसअघि अक्टोबर १० मा जन्तरमन्तरमा हुन लागेको प्रदर्शनअघि उनलाई विमानबाटै नियन्त्रणमा लिइएको थियो । तर, भोलिपल्ट उनलाई रिहा गरिएको थियो ।

कांग्रेस सभापति थापाले लिए शपथ

दमक/ नेपाली कांग्रेसका नवनिर्वाचित सभापति गगनकुमार थापाले पद तथा गोपनीयताको शपथ ग्रहण लिएका छन् ।

पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजित एक कार्यक्रममा उनले पद तथा गोपनीयताको शपथ लिएका हुन् । राजधानीमा आयोजित १५औं महाधिवेशनमा श्यामकृष्ण खड्कीलाई पराजित गर्दै थापा सभापतिमा निर्वाचित भएका हुन् । थापाले ६ हजार ५८४ मत पाएका थिए भने खड्कीले ३ सय ७५ मत प्राप्त गरेका थिए । केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यको सपथ भने दसैंपछि हुनेछ ।

दशैंमा पनि आकस्मिक स्वास्थ्य सेवा सुचारु रहने

दमक/ स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले दसैंको बिदाका अवधिमा नागरिकलाई सहज, सुलभ र निरन्तर स्वास्थ्य सेवा उपलब्ध गराउन प्रदेशका स्वास्थ्य हेर्ने मन्त्रालय तथा सबै संघीय सरकारी अस्पताललाई पत्राचार गरेको छ ।

मन्त्रालयले दसैं बिदाका समयमा अस्पतालका अत्यावश्यक स्वास्थ्य सेवा अवरुद्ध हुन नदिन आवश्यक व्यवस्थापन मिलाउन सम्बन्धित निकायलाई आग्रह गरेको हो ।

मन्त्रालयले अस्पतालमा आवश्यक स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीको ड्युटी रोस्टर तयार गरी पर्याप्त जनशक्तिको व्यवस्था गर्न र आकस्मिक सेवा, आकस्मिक शल्यक्रिया, प्रसूति सेवा, सघन उपचार सेवासहितका अत्यावश्यक स्वास्थ्य सेवा नियमित सञ्चालन हुने सुनिश्चित गर्न अनुरोध गरेको छ ।

त्यसैगरी, अस्पतालमा आवश्यक औषधि, स्वास्थ्य उपकरण, रगत तथा रक्तजन्य पदार्थ र अन्य स्वास्थ्य सामग्रीको पर्याप्त मौज्दात राखी आकस्मिक अवस्थामा तत्काल सेवा प्रदान गर्न तयारी अवस्थामा रहन मन्त्रालयले निर्देशन दिएको छ ।

दसैं बिदाको अवधिमा अस्पताल पूर्ण रूपमा बन्द नगर्न तथा अत्यावश्यक स्वास्थ्य सेवा कुनै पनि अवस्थामा अवरुद्ध हुन नदिन समेत मन्त्रालयले आग्रह गरेको छ ।

दशैंको....सदस्य दसैंमा घर फर्कने र परिवारसँगै टीका लगाउने प्रचलनले यस पर्वको भावनात्मक महत्वलाई अझ बढाएको छ । जमरा र टीकाको महत्व धार्मिक आस्थामा मात्र सीमित छैन । यसले सामाजिक एकता, पारिवारिक पुनर्मिलन र पुस्तान्तरणको प्रक्रियालाई समेत बलियो बनाउँछ । दसैंका अवसरमा टाढिएका आफन्त भेटघाट गर्ने, दुःखसुख साटासाट गर्ने र आपसी मनमुटाव बिर्सेर सम्बन्ध सुधार्ने अवसर प्राप्त हुन्छ । ज्येष्ठ नागरिकबाट नयाँ पुस्ताले परम्परा, संस्कार र पारिवारिक मूल्यबारे सिक्ने भएकाले जमरा र टीका नेपाली सांस्कृतिक निरन्तरताका माध्यमसमेत बनेका छन् ।

कोशीमा.....वर्ष २०८३/८४ मा भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत सञ्चालन हुने ती योजनालाई बहुवर्षीय ठेक्का प्रक्रियामा अघि बढाउन स्रोत सहमति दिएको हो । स्वीकृत योजनामा रणनीतिक सडक निर्माण, सडक स्तरोन्नति, पक्की तथा झोलुङ्गे पुल निर्माण र सडक सुरक्षा कार्यक्रम समेटिएका छन् । प्रदेशका विभिन्न जिल्लामा सडक सञ्जाल विस्तार तथा पुल निर्माणका आयोजना अघि बढ्दा यातायात पहुँच सहज बनाउनुका साथै स्थानीय उत्पादनको बजारीकरण, आर्थिक गतिविधि विस्तार र क्षेत्रगत विकासमा सहयोग पुग्ने अपेक्षा सरकारले गरेको छ ।

शुभकामना

विजयादशमी, शुभदीपावली तथा छठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य, कर्मचारी, सहकारीकर्मी तथा नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बुद्धिसागर बराल (अध्यक्ष)
राजकुमार बराल (ब्यवस्थापक)

स्वर्णलक्ष्मी सहकारी संस्था लि. परिवार
दमक–६, झापा

दसैं बिदामा पनि न्यायालय खुला रहने

दमक/ दसैंको सार्वजनिक बिदामा पनि अदालतबाट प्रदान गरिने अत्यावश्यक न्यायिक सेवा निरन्तर खुला रहने भएको छ ।

प्रत्येक वर्षजस्तै यस वर्ष पनि सर्वोच्च अदालतदेखि जिल्ला अदालतसम्म नियमित सरकारी कामकाज बन्द भए पनि बन्दी प्रत्यक्षीकरण र जरिवाना बुझाउन नसकेर थुनामा रहेका प्रतिवादीलाई रकम बुझाएर थुनामुक्त हुने अवसरसम्म अदालतले प्रदान गरेको छ ।

न्याय प्रशासन ऐन, २०७३ को दफा २६ ले दिएको अधिकार प्रयोग गर्दै सर्वोच्च अदालतले सबै तहका अदालतलाई परिपत्र गरेपछि यो व्यवस्था लागू भएको हो ।

सर्वोच्च अदालत प्रशासन शाखाले असोज २३ गते जारी गरेको सूचनाअनुसार बडा दसैं २०८३ को उपलक्ष्यमा असोज २५ गते घटस्थापनादेखि कात्तिक ८ गते कोजाग्रत पूर्णिमासम्म सर्वोच्च अदालत नियमित रूपमा बन्द रहनेछ ।

ठुलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

वडा दशैंको शुभकामना

विजयादशमी, शुभदीपावली तथा छैठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य, सहकारीकर्मी तथा देशविदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जनमुखी सहकारी संस्था लि, परिवार, दमक–६, झापा

वडा दशैंको शुभकामना HAPPY DASHAIN

विजयादशमी, शुभदीपावली तथा छैठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण ग्राहक, शुभेच्छुक तथा समस्त नेपाली दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु, सुस्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

टिकाराम पिठाकोटे
(प्रोपाइटर)
सगरमाथा पेट्रोलपम्प, परिवार
दमक–५, झापा

वडा दशैंको शुभकामना HAPPY DASHAIN

विजयादशमी, शुभदीपावली तथा छठ पर्व **२०८३** को पावन अवसरमा सम्पूर्ण ग्राहक, शुभचिन्तक एवं स्वदेश तथा विदेशमा रहनुहुने नेपाली दाजुभाई-दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शशिराज पौडेल
(प्रोपाइटर)

ॐ सत्यसाई सप्लायर्स प्रा.लि. : उर्लाबारी–मोरङ
निर्माण शक्ति पेभर उद्योग : दमक–झापा
हिमतारा पेभर उद्योग : दमक–झापा
अध्यक्ष : **हिमतारा पूर्वाधार विकास कम्पनी** : दमक–झापा

वडा दशैंको शुभकामना HAPPY DASHAIN

विजयादशमी, शुभदीपावली तथा छठ पर्व **२०८३** को पावन अवसरमा सम्पूर्ण चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारी तथा शुभेच्छुकहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु तथा उत्तरोतर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

आम्दा अस्पताल परिवार
दमक–२, खरखरे (झापा)

◆ **प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, ◆ **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की ◆ **सहसम्पादक**: विमल लामिछाने ◆ **बजार व्यवस्थापक**: केशव खनाल ◆ **लेआउट**: सुरेन बस्नेत

कार्यालय: दमक–५, झापा, फोन: ०२३–५७०२७२,
मुद्रण: ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com